यी सम्पूर्ण स्थायी र अस्थायी परिवार नियोजनका विधि र साधनहरु सरकारी स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ ।

## अनिच्छित गर्भधारणबाट कसरी बच्ने ?

१. किशोरावस्थादेखि नै यौन स्वास्थ्यप्रति सजग रहने ।
२. जथाभावी यौन सम्पर्क नगर्ने/सधैं कण्डमको प्रयोग गर्ने ।
३. सुरक्षित तरिकाले परिवार नियोजनका अस्थायी साधन प्रयोग गर्ने ।
४. महिला हिंसा नगर्ने, हुन पनि नदिने ।
५. महिलालाई शिक्षा, अवसर र रोजगारबाट वञ्चित नगर्ने ।
६. यौनजन्य हिंसा बलात्कार, यौनजन्य दुर्व्यवहार, हाडनाता करणी नगर्ने ।
७. सकेसम्म किशोरावस्थामा गर्भवती नहुने ।
८. किशोर-किशोरीलाई लागूपदार्थको सेवन गर्नबाट रोक्ने ।
९. यदि गर्भ रहिहालेमा सूचीकृत संस्थामा गएर मात्र सुरक्षित गर्भपतन गराउने ।

सुरक्षित गर्भपतन सेवा





अफिस, विद्यालय, बजारमा जाँदा सेनिटाइजर प्रयोग गरौं कोरोना संक्रमणबाट बचौं ।


कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# प्रदेश अस्पताल

वीरेन्द्रनगर-४, कालागाउँ, सुर्खेत
फोन नं.: ०८३-५२०२००/५२२२००/५२३२००
इमेलः provincehospitalsurkhet@gmail.com




# सुरक्षित गर्भपतन फाँट

अस्पताल हाताभित्र धुम्रपान, मद्यपान र सूर्तिजन्य पदार्थ निषेध गरिएको छ ।

# सुरक्षित गर्भपतन फाँट

सुरक्षित गर्भपतन ऐन २०७१ अनुसार नेपालको संवैधानिक कानुनले मान्यता दिए अनुसार कुनै पनि महिलाले अनिच्छित गर्भधारण गरेको अवस्थामा वा महिलाको स्वास्थ्य अवस्था गम्भीर रोग र गर्भको कारणले ज्यान जोखिममा भएको अवस्थामा सूचीकृत स्वास्थ्य संस्थामा गएर तालिम प्राप्त स्वास्थ्यकर्मीद्धारा गर्भपतन गराउन मिल्ने व्यवस्था उल्लेख गरिएको छ । सोही कानुनअनुसार प्रदेश अस्पतालमा रहेका सुरक्षित गर्भपतन फाँटमा यो सेवा उपलब्ध हुनुका साथै पाठेघरको क्यान्सको जाँच VIA Test पनि गरिन्छ । ।

## सुरक्षित गर्भपतन

कुनै पनि गर्भवती महिलाको मञ्जुरीनामा कानुनले मान्यता दिए अनुसार सूचीकृत स्वास्थ्यकर्मीद्धारा सूचीकृत स्वास्थ्य संस्थामा गराइने गर्भपतनलाई सुरक्षित गर्भपतन भनिन्छ ।

## सुरक्षित गर्भपतन २ तरिकाले गर्न सकिन्छ

- ✓ औषधिको प्रयोगद्धारा गरिने गर्भपतन ।
- ✓ उपकरणको प्रयोगद्धारा गरिने गर्भपतन ।

सामान्य उपकरण प्रयोग गरी गरिने गर्भपतनलाई उपकरणको प्रयोगद्धारा गरिने सुरक्षित गर्भपतन भनिन्छ । १२ हप्तासम्मको गर्भपतनलाई खाने औषधीको माध्यमद्धारा र सामान्य उपकरणको प्रयोगद्धारा सुरक्षित रुपमा गर्भपतन गर्न सकिन्छ । नेपाल सरकारद्धारा यदि कुनै पनि महिलाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने भएमा वा जिउ–ज्यान जोखिममा पर्ने भएमा र हाडनाता करणी मुद्धामा १२ हप्ता भन्दा माथिदेखि २२ हप्तासम्मको अनिच्छित गर्भधारणलाई गर्भपतन गराउन पाइने व्यवस्था गरिको छ ।

उपकरणको प्रयोगद्धारा गरिने गर्भपतन सेवा नेपाल सरकारद्धारा सूचीकृत दक्ष स्वास्थ्यकर्मीबाट सूचीकृत स्वास्थ्य संस्थामा सुरक्षित तरिकाले गराउन सकिन्छ ।

## सुरक्षित गर्भपतनको लागि प्रभावकारी विधि

स्वास्थ्यकर्मीको सल्लाह अनुसार गरेमा सुरक्षित गर्भपतनको लागि दुवै विधिहरु औषधिको प्रयोग वा उपकरणको प्रयोगद्धारा गरिने सुरक्षित गर्भपतन अति नै प्रभावकारी छन् । महिलाले आफ्नो इच्छा अनुसार कुनै पनि विधि छनौट गर्न सक्छिन ।

## प्रजनन् क्षमता पर्ने असरबारे जानकारी

उपकरणको प्रयोगद्धारा गरिने गर्भपतनले महिलाको प्रजनन् क्षमतामा कुनै असर गर्दैन । यस विधिको प्रयोगले १ हप्तापछि कुनै पनि समयमा महिलामा डिम्ब निष्काशन प्रक्रिया शुरू हुन्छ अनि गर्भवती हुने क्षमता पुनः फर्किन सक्छ ।

## परिवार नियोजनको साधन प्रयोग

यस विधिको प्रयोगले गर्भपतन गराएको १ हप्तापछि कुनै पनि समयमा महिलामा डिम्ब निष्कासन प्रक्रिया सुरू हुने भएकोले गर्भवती हुने क्षमता फर्किन सक्छ । त्यसैकारण गर्भपतन पश्चात तुरून्तै परिवार नियोजनको साधनको प्रयोग गर्नुपर्छ ।

| परिवार नियोजन साधन (महिला) | परिवार नियोजन साधन (पुरूष) |
|---|---|
| ❍ पिल्स (खानेचक्की)<br>❍ डिपो<br>❍ नरप्लाण्ट<br>❍ आई.यू.सी.डी. (पाठेघरमा राख्ने)<br>❍ स्थायी बन्ध्याकरण | ❍ ढाल<br>❍ पुरूष बन्ध्याकरण |